# सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी - २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत _मितिः२०८२/१२/२२ गते ।

**आजिरकोट गाउँपालिका**
**गोरखा जिल्ला**
**गण्डकी प्रदेश, नेपाल**

# सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यविधि - २०८२

**स्वीकृत मितिः२०८२/१२/२२ गते।**

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (थ) मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी श्रमिकहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी श्रमिक तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र सामाजिक पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यत्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले अजिरकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम अजिरकोट गाउँपालिकाले **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि - २०८२"** स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद-१
प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम 'सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी - २०८२' रहने छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा तथा व्याख्या:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ।

ख. "कार्यविधि" भन्नाले सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८२ लाई सम्झनु पर्दछ।

ग. "स्थानीय तह" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

घ. "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्दछ।

ङ. " प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकार सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ।

च "प्रदेश स्वास्थ्य मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयलाई सम्झनुपर्दछ।

छ. "विभाग" भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्दछ।

ज. "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्डलाई सम्झनु पर्दछ।

झ. "उप-शाखा" भन्नाले अजिरकोट गाउँपालिकाको सामाजिक/आर्थिक शाखा अन्तरगत रहेको श्रम रोजगार उप शाखालाई सम्झनु पर्दछ।

ञ. "आप्रवासी स्रोत केन्द्र" भन्नाले सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालय गोरखाको हाताभित्र सञ्चालनमा रहेको आप्रवासी स्रोत केन्द्रलाई सम्झनु पर्नेछ।

ट. ‘‘मोड्युल’’ भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि सम्बन्धित स्थानीय तहले तयार गरी लागू गरेको मोड्युलहरुलाई सम्झनु पर्दछ ।

ठ. ‘‘सम्बन्धित निकाय’’ भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरु वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभाग, गन्तब्य मुलुकहरुमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यविधिको उद्देश्य तथा रणनीति

**३. कार्यविधिको उद्धेश्यः**

रोजगारी छनौट गर्ने अधिकार प्रत्येक नागरिकसँग रहेको छ । वैदेशिक रोजगारी पनि रोजगारीको एउटा बिकल्प हो । अजिरकोट गाउँपालिकाबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिक लाभदायक बनाउनका लागि सहयोग पुर्‍याउन, वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुहरुलाई लक्षित गरी सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो कार्यविधी तयार गरिएको छ । त्यस्ता कार्यक्रमहरु तर्जुमा तथा संचालन गर्दा गाउँपालिका स्वयंले वा अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँको सहकार्य तथा साझेदारीमा कार्यक्रम संचालन गर्न सक्नेछ । यसको साथै आवश्यक बजेटको व्यवस्था गरी वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै सुरक्षित आप्रवासनको क्षेत्रमा सुशासन प्रवर्द्धनका लागि पारदर्शी र जवाफदेही ढंगबाट कार्यक्रम सञ्चालन गर्नु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ । यसको साथै तपसिलका विशिष्ट उद्देश्यहरु रहेका छन् ।

क. सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधिहरु (वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति तथा तिनका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरी) एकिकृत रुपमा योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख. सुरक्षित वैदेशिक रोजगारीका लागि गाउँपालिका स्वंयमले वा अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँगको साझेदारीमा बजेट व्यवस्थापन र योजना तर्जुमा गरी कार्यक्रम संचालन गर्ने ।

ग. यस गाउँपालिकाले वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरी रोजगार सेवा केन्द्र मार्फत सूचना, परामर्श, आर्थिक सहायता जस्ता कल्याणकारी सेवा, खोजी उद्दार लगायतका कन्सुलर सम्बन्धी सेवा साथै सामाजिक तथा आर्थिक पुन:एकीकरण लगायतका सेवा प्रवाह गर्नेछ । यसको अलावा सुरक्षित वैदेशिक सम्बन्धी सूचना तथा परामर्श एवम् कानूनी सहायताको लागि जिल्ला प्रशासन कार्यालय हाता भित्ररहेको **आप्रवासी स्रोत केन्द्र** सिफारिस गर्ने ।

घ. जिल्ला स्थित अन्य स्थानी तहहरु, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, कन्सुलर सेवा विभाग, सीप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ङ. सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिविधीहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दिगो रुपमा व्यवस्थापन गर्ने ।

**४. रणनीति:**

४.१.वैदेशिक रोजगारको क्षेत्र बहुसरोकारको विषय भएकोले यस क्षेत्रको व्यवस्थापनमा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको भूमिका तथा संलग्नता महत्वपूर्ण हुनेछ। यस क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा समीक्षामा सम्बन्धित सबैको अर्थपूर्ण सहभागितामा जोड दिईने छ। यस स्थानीय तह भित्रका विषयगत शाखाहरु मार्फत योजनाहरु बनाउदा वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुसँग सम्बन्धित सवालहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिने छ।

४.२. यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, स्रोत साधनको अधिकतम् उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार संचालन ऐनको दफा २६ को मर्म अनुसार जिल्ला प्रशासन कार्यालयमा सञ्चालित आप्रवासी स्रोत केन्द्रसँग समन्वय गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाह गरिने छ॥ त्यसको साथै प्रदेश सरकार, संघीय सरकार अन्तरगतका सम्बन्धित मन्त्रालय, विभाग, वोर्ड तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँग पनि समन्वय तथा सहकार्यमा जोड दिईने छ।

४.३ जिल्ला प्रशासन कार्यालयको हाता भित्र संचालनमा रहने आप्रवासी स्रोत केन्द्रमा यस स्थानीय तहका सेवाग्राहीहरुले पनि सुरक्षित वैदेशिक रोजगार सम्वन्धी निःशुल्क सूचना तथा परामर्श, कानूनी सहायता लगायतका सेवाहरु लिन सक्ने हुनाले उक्त केन्द्रको संचालन तथा व्यवस्थापनमा अन्य सम्बन्धित स्थानीय तहहरुसँग पनि बजेट व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन, गुणस्तरीयता कायम र अनुगमन लगायतको क्षेत्रमा सहकार्य गर्न सक्नेछ।

## परिच्छेद-३
## सम्बन्धित विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

**५. सम्बन्धित विषयगत शाखा निर्धारणः**

यस अजिरकोट गाउँपालिकाले बैदेशिक रोजगार तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित कार्यक्रमलाई आर्थिक/ सामाजिक विकास शाखा अन्तरगत राखी कार्यान्वयन गर्नेछ। गाउँपालिकाले आवश्यक ठानेमा आर्थिक/सामाजिक विकास शाखा अन्तरगत राखेर रोजगार प्रवर्द्धन कार्यक्रमसंग एकीकृत गरी श्रम तथा रोजगार उपशाखा वा इकाईबाट उक्त सेवा प्रवाह तथा व्यवस्थापन गर्न सक्ने छ। उक्त शाखाले अन्य शाखाहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यान्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्नेछ।

## ६. गाउँपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समिति:

वैदेशिक रोजगार/आप्रवासनसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यन्वयन, अनुगमन तथा सम्बन्धित सरोकारवालहरुसँग समन्वय लगायतका कार्यमा दिशा निर्देश गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| अध्यक्षः | — अध्यक्ष |
| उपाध्यक्ष | — उपाध्यक्ष |
| सदस्यहरुः | — प्रमुख प्रशासकीय अधिकृत, |
| | —आर्थिक विकास शाखा प्रमुख, |
| | —सामाजिक विकास शाखा प्रमुख, |
| | — स्वास्थ्य शाखा प्रमुख, |
| | — कर्मचारी प्रशासन शाखा अधिकृत, |
| सदस्य सचिव | — रोजगार संयोजक |

पालिका स्तरीय सुरक्षित आप्रवासन समन्धी निर्देशक समितिले जिल्ला प्रशासन कार्यलय,जिल्ला प्रहरी कार्यालय, जिल्लास्थित बैंकका प्रतिनिधि, आप्रवासी श्रमिक हरुको हकहितमा कार्य गर्ने संस्था (संजाल/मञ्च) का प्रतिनिधि र अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

## ६. गाउँपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको काम, कर्तव्य र अधिकारः

- वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशा निर्देश गर्ने ।
- अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, कन्सुलर सेवा विभाग लगायतका सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।
- आवश्यकताको आधारमा जिल्ला/इलाका प्रशासन कार्यालयको हाताभित्र रहेको आप्रवासी स्रोत केन्द्रबाट आफ्नो स्थानीय तह भित्रको सेवाग्राहीलाई सहज सेवा प्राप्तिको लागि आवश्यक समन्वय गर्ने ।
- सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु संचालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,
- रोजगारीको लागि आवश्यक सीप तालिमको ब्यवस्था गर्न, सीपयुक्त र ठगी मुक्त टोल वस्ती घोषणा गर्न आवश्यक दिशा निर्देश गर्ने,
- निर्देशक समितिद्वारा आवधिक रुपमा कार्यक्रमको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने । साथै उपाध्यक्षको संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिई थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,
- अन्य विषयगत शाखा/समितिहरुसँग सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,
- सुरक्षित आप्रवासनसँग (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धित सेवा प्रवाहका लागि ऐन नियम तथा कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने ।

- वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु संचालनको लागि दिशा निर्देश गर्ने ।

## परिच्छेद-४

## योजना तर्जुमा, कार्यन्वयन

### ७. सुरक्षित आप्रवासन सम्बन्धी तथ्यांक संकलन, योजना तर्जुमा तथा कार्यान्वयन:

### ७.१ वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापन:

गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्ने छ । उक्त कार्यको लागि करिब १ महिनाको लागि प्रत्येक वडामा १/१ जना गणक नियुक्त गरी परिचालन गरिने छ र सो को संयोजन यस पालिकाको सामाजिक/आर्थिक/श्रम तथा रोजगार शाखाले गर्ने छ । तथ्यांक संकलन गर्दा हाल वैदेशिक रोजगारमा रहेका संख्या, सीप तालिम तथा सूचनामा आप्रवासी श्रमिकको पहुँच, रेमिट्यान्स प्राप्ति तथा सो को उपभोग/उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी श्रमिकहरूले सामना गर्नु परेको समस्या (सम्पूर्ण आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटिने छ । यसको अलावा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता तथा पूंजी र उनीहरुद्वारा संचालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिने छ । यसरी तथ्यांक संकलन गर्दा महिला, दलित तथा सिमान्तकृत समुदायसँग सम्बन्धित सवाल तथा उनीहरुको अवस्थालाई प्राथमिकताका साथ उजागर गरिने छ । उक्त संकलित तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु लागू गरिने छ ।

### ७.२ सुरक्षित आप्रवासन सम्बन्धी सुचना तथा परामर्श सेवा प्रवाहः

### (क) रोजगार सेवा केन्द्र

गाउँपालिकाको समग्र रोजगारी क्षेत्रको क्रियाकपलाप सञ्चालनको लागि गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा रोजगार सेवा केन्द्र सञ्चालन गर्नेछ । सो केन्द्रले स्वदेशमा हुने रोजगारीका गतिविधिका अलावा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवा (पुन श्रम स्वीकृती, सूचना तथा परामर्श, समुदाय स्तरमा अभिमुखीकरण, वैदेशिक रोजगार बोर्डको कल्याणकारी कार्य, शव झिकाउने, खोजी तथा उद्धार सम्बन्धी कन्सुलर सेवा आदि) मा सहयोग र सहजीकरण गर्नेछ । यसका अलावा यी सबै कार्यका लागि रोजगार सेवा केन्द्रले एकल सेवा प्रवाह बिन्दूको रुपमा रही आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ । साथै सुरक्षित वैदेशिक रोजगारी सम्बन्धीका क्रियाकलापहरुको डिजिटल प्रतिवेदन मार्फत सम्बन्धित निकायहरुमा आवश्यक प्रतिवेदन र रिपोर्टिङको कार्य समेत रोजगार सूचना केन्द्र मार्फत हुनेछ । सुरक्षित वैदेशिक रोजगारीका समग्र क्रियाकपलाहरु सञ्चालनमा रोजगार सूचना केन्द्रको क्षमता विकासका कार्यका लागि सरोकारवाला निकायहरु तथा दातृ निकायसँग आवश्यक समन्वय गरिनेछ । गाउँपालिकाले आवश्यकताको आधारमा अन्य सम्बन्धित स्थानीय तहहरु र इलाका प्रशासन कार्यालयसँगको समन्वयमा इलाका प्रशासन कार्यालय लेखनाथको हाता भित्र आप्रवासी स्रोत उप केन्द्र स्थापना गर्नमा सहयोग/समन्वय समन्वय गर्नेछ । उक्त केन्द्रबाटवैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवाहरु प्रदानगरिने छ । यसरी सेवा प्रवाह गर्दा महिला, दलित तथा सिमान्तकृत समुदायका सेवाग्राहीहरुलाई विशेष प्राथमिकता दिईने छ ।

**(ख) वैदेशिक रोजगार सूचना सम्पर्क व्यक्ति परिचालन:** वडा तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार तथा पुन: एकीकरण सम्बन्धी प्रचार प्रसार गरी सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धी समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि रोजगार सेवा केन्द्र तथा आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरी पठाउन वडा सदस्यहरु मध्ये प्रत्येक वडामा १/१ जनालाई वैदेशिक रोजगार सूचना सम्पर्क व्यक्तिको रुपमा जिम्मेवारी प्रदान गर्न सकिनेछ ।

**(ग) रिटर्नी स्वयंसेवक वा सामाजिक परिचालक/सहजकर्ता परिचालन:** गाउँपालिका भित्रका गाउँ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचार प्रसार गरी सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धी समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरी पठाउन, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्न र वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका व्यक्तिहरुलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालीन सशुल्क रिटर्नी स्वयंसेवकको रुपमा परिचालन गरिनेछ । उक्त कार्यमा महिला, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ । वैदेशिक रोजगारमा गई फर्केका व्यक्तिहरुले गन्तव्य मुलुकहरुको नियम कानून, धर्म सँस्कृति, संस्कार, हावापानी र कामसँग सम्बन्धित व्यवहारिक ज्ञान तथा अनुभवहरु सम्भावित आप्रवासी श्रमिक तथा तिनका परिवारहरुलाई सही सूचना सम्प्रेषण गर्ने भएकोले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनमा महत्वपूर्ण योगदान पुग्ने छ । रिटर्नी स्वयमसेवकको अवाला गाउँपालिकाले सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी घरघरमा सूचना तथा जानकारी प्रदान गर्न र समस्याहरुलाइ गाउँपालिका वा आप्रवासी स्रोतकेन्द्रमा सिफारिस गर्न, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्न र वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि बढीमा २ जना सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सामाजिक परिचालक/सहजकर्ता नियुक्त गरी परिचालन गरिनेछ । निजहरुको सेवा सुविधा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**७.३. वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि सीप तालिम संचालन तथा सहजिकरण:** वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी श्रमिकहरको पहिचान गरी वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार वोर्ड, राष्ट्रिय सीप विकास प्रतिष्ठान, प्रदेश सरकार तथा नेपाल सरकार (सि.टि.इ.भि.टी.) द्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरिने छ । उक्त तालिमहरु गन्तव्य मुलुकको आवश्यककता तथा मापदण्ड अनुरुपको पाठ्यक्रम निर्माण गरी संचालन गरिने छ । तालिम सञ्चालन सम्बन्धी मोड्युल आवश्यकता अनुसार नेपाल सरकार (सि.टि.इ.भि.टी.), वैदेशिक रोजगार बोर्ड, राष्ट्रिय सीप विकास प्रतिष्ठान, प्रदेश मन्त्रालय र तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा तयार गरी लागू गरिने छ ।

**७.४. न्यायमा सहजिकरण:** वैदेशिक रोजगारको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि रोजगार सेवा केन्द्र तथा आप्रवासी स्रोत केन्द्र मार्फत सहजिकरण गरिने छ । त्यस्ता समस्याहरुमा सहजिकरणका लागि समस्याको प्रकृति अनुसार जिल्ला, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण, कन्सुलर सेवा विभाग, गन्तब्य स्थित नेपाली दुताबास, यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरु सँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइने छ । वैदेशिक रोजगार सँग सम्बन्धित ठगीका समस्याहरु न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएकोले न्यायिक समितिले पनि जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने छ ।

**७.५. वैदेशिक रोजगारमा जाने श्रमशक्ति तथा वैदेशिक रोजगारमा संलग्न परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमः** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रीय रुपमा वैदेशिक रोजगारमा गईरहनुपर्ने वाध्यताको अन्त्यका लागि रेमिट्यान्स प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई ब्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिने छ। उक्त कार्यको लागि वैदेशिक रोजगार बोर्ड, प्रदेश सरकार तथा सो सँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्न सकिने छ। वित्तीय साक्षरता कक्षा पश्चात सहभागिहरुले कक्षामा बचत बृद्दि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुनेछन्। उक्त कक्षा व्यवस्थापन तथा संचालनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गरिने छ। वित्तीय साक्षरता सहजकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ। शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा संचालनका लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्ने छ। उक्त वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि मोड्युल तयार गरी लागू गरिने छ। उक्त सेवा प्रवाहका लागि वैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

**७.६. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीपको उपयोग तथा उद्यमशीलता विकास कार्यक्रमः** वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलालाई लक्षित गरी स्थानीय स्तरमा सम्भाव्यता तथा ति व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम संचालन गरिने छ। कार्यक्रम निर्माण तथा संचालन गर्दा लक्षित बर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइने छ। यसको लागि आवश्यक मापदण्ड तयार गरी कार्यक्रम संचालन गरिने छ। यसको साथै विदेशबाट फर्केर आएका व्यक्तिहरुसँग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिने छ। उक्त जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा संचालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिने छ। यसको अलवा वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम संचालन गरिने छ। उक्त सीप परीक्षणका कार्यक्रम संचालन गर्दा नेपाल सरकारको (सि.टि.इ.भि.टी.) सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिने छ। यस सम्बन्धी कार्यक्रम तर्जुमा,कार्यान्वयन तथा अनुगमनका लागि आवश्यक्ता अनुसार मापदण्ड तयार गरी लागू गरिने छ।

**७.७ वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसामाजिक परामर्श सेवा:** वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। उक्त सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिने छ। मनोसामाजिक परामर्शकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ। शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न प्रदेश तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँग समन्वय तथा सहकार्य गरिने छ । यसको अलवा पालिका भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्नेछ। गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका

व्यक्तिहरुलाई आवश्यक उपचार सहयोगको लागि स्वास्थ्य सहयोग कोष स्थापना तथा संचालन गरिने छ। यसको अलावा वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु संचालन गरिने छ। मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सम्बन्धी सेवा स्वास्थ्य शाखा मातहतमा राखि सञ्चालन गरिने छ।

**७.८. समुदाय स्तरमा सचेतनामुलक कार्यक्रम:** गाउँपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरु पहिचान गरी समुहहरुको नियमित बैठकको समयमा रोजगार सेवा केन्द्र, सामाजिक परिचालक/सहजकर्ता/रिटर्नी स्वयंसेवकहरुद्धारा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी श्रमिकहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि कार्यक्रम सञ्चालन मोड्युल तयार गरी लागु गरिने छ। यसको साथै वडा कार्यालय/पालिकाद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु (संदेश मुलक सडक नाटक, होर्डिंग बोर्ड आदि) निर्माण गरी समुदाय स्तरमा संचालन गर्न सकिनेछ।

**७.९. वैदेशिक रोजगारका कारण अविभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका ब्यक्तिहरुको सन्ततिलाई छात्रवृत्ति सहयोग:** यस गाउँपालिका क्षेत्रभित्रबाट वैदेशिक रोजगारमा गई मृत्यु, बेपत्ता तथा अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रवृत्ति सहयोग प्रदान गरिने छ। बेपत्ता भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुलाई समेटिने छ। त्यस्तो छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गर्ने छात्रवृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिने छ। छात्रवृत्ति सहयोगलाई दुई तहमा विभाजन गरी प्रदान गरिने छ। जस अनुसार आधारभूत तहका बालबालिकालाई वार्षिक १२ हजार र माध्यमिक तहका बालबालिकालाई बार्षिक १६ हजारका दरले छात्रावृत्ति प्रदान गरिने। यस्तो छात्रवृत्ति सरकारी, सामुदायिक तथा संस्थागत विधालयमा अध्ययनरत १८ बर्ष सम्मका विधार्थीहरुलाई प्रदान गरिने छ। जसको लागि विधार्थी अध्ययनरत विद्यालय र सम्बन्धित वडा कार्यालयले वैदेशिक रोजगारमा गई मृत्यु तथा अंगभंग, बेपत्ता भएको प्रमाण सहित गाउँपालिकामा सिफारिस गर्ने छ। प्राप्त निवेदनहरुलाई गाउँपालिकाले आश्यक छानविन गरी छात्रवृत्ति प्रदान गर्ने छ। निवेदनको आवश्यक ढाँचा तथा फारमहरुको नमुना तयार गरि कार्यान्वयन गरिने छ।

## परिच्छेद-५
## बजेट तथा जनशक्ति व्यस्थापन

### ८. बजेट व्यवस्थापन:

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र गाउँपालिकाको अन्तरिक स्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ। यसको साथै अन्य स्थानीय तहहरु, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिने छ ।

### ९. आवश्यक जनशक्ति व्यवस्थापन:

| पद | संख्या | तह | योग्यता तथा अनुभव |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता | आवश्यकता अनुसार | पाँचौ | मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। सो योग्यता निम्मानुसार रहेको छ:<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव )Word, Excel, power point, Email/ internet आदि भएको ( नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। |
| वित्तीय साक्षरता सहजकर्ता | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता। |
| सामाजिक परिचालक | आवश्यकता अनुसार | पाँचौ/ चौथो | पाँचौको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण र चौथोको हकमा SEE वा सो सरह उतिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता। |
| सामाजिक सहजकर्ता | आवश्यकता अनुसार | तोकिए बमोजिम | SEE वा सो सरह उतिर्ण, कम्तिमा १ वर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता। |
| रिटर्नी स्वयंसेवक | आवश्यकता अनुसार | श्रेणी विहीन | कक्षा १० उत्तीर्ण (महिलाको हकमा कक्षा ८ उतीर्ण) गरी वैदेशिक रोजगारका लागि मलेशिया वा खाडिमुलुकमा गई कम्तीमा २ वर्ष काम गरी फकिएको हुनुपर्ने छ। सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको। |

कर्मचारी तथा स्वयंसेवक भर्ना तथा नियुक्त गर्दा गाउँपालिकाको कर्मचारी भर्ना सम्बन्धी निर्देशिका तथा नेपाल सरकारको समावेशी मापदण्डलाई अनुशरण गरिने छ।

## परिच्छेद -६

### विविध

**१०. समन्वय तथा सहकार्य :**

वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य स्थानीय तहहरु, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, आप्रवासी श्रमिक सञ्जाल, गैसस, दातृ निकाय, विकास साझेदार, विषयगत विशेषज्ञ संस्थाहरु, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार बिभाग, कन्सुलर सेवा विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश मन्त्रालय, साथै अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईने छ।

**११. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने**ः

गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ। यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा गाउँपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको बैठक राखी बाधा अडकाउ फुकाउन सक्नेछ। यस कार्यविधिमा उल्लेख भएका विषयहरु नेपालको प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

प्रमाणीकरण मितिः

अध्यक्ष

दीपक देवकोटा